# सहरी बाल शिक्षा कार्यक्रम

तारबहादुर थापा
सहायक प्राध्यापक, ठाकुरराम बहुमुखी क्याम्पस, बिरगन्ज

## सार सङ्क्षेप

**सबैका लागि शिक्षा कार्यक्रमअन्तर्गत अनौपचारिक शिक्षा कार्यक्रम पनि एक प्रमूख कार्यक्रम हो । यसमा बाल शिक्षा कार्यक्रम पनि पर्दछ । बाल शिक्षा कार्यक्रमको केन्द्रिय स्तरमा शिक्षा मन्त्रालयअन्तर्गतको सानोठिमी भक्तपुरमा रहेको अनौपचारिक विकास केन्द्रले गर्दछ । सहर बजारमा र ग्रामीण भेग दुवैमा यस्ता बाल विकास शिक्षा कार्यक्रम सञ्चालनमा छन् । युनिसेफ र सामाजिक संस्था जिल्ला समन्वय समिति पर्साको सहयोगमा वीरगन्ज उपमहानगरपालिका अन्तर्गतका ६ ओटा वडामा जम्मा १५ ओटा बाल विकास केन्द्रमा सहरी बाल शिक्षा कार्यक्रम सञ्चालित छ । यसले सहरी क्षेत्रमा रहेर पनि विभिन्न कारणले औपचारिक शिक्षा पाउनबाट बञ्चित भएका १० देखि १४ वर्षसम्मका सीमान्तकृत, दलित, जनजाति, पिछडिएका वर्गका बालबालिकाहरू, बालश्रमिक, अभिभावकविहीन बालबालिकालाई अनौपचारिक माध्यमबाट शिक्षा प्रदान गर्दै आएको छ । बाल शिक्षा कार्यक्रमले उनीहरूलाई साक्षर बनाउनका साथै गणित सम्बन्धी सिप प्रदान गरी सिपमूलक एवम् आयआर्जन कार्यमा सहभागी गराएर जीवन स्तर उकास्न मद्दत गरेको छ । तथापि यस कार्यक्रमले विविध समस्या तथा चुनौतीका कारणले अपेक्षित गति लिन नसकेको जनगुनासो रहेको छ । तसर्थ बाल शिक्षा कार्यक्रममा अध्ययन गर्ने क्रममा बालबालिकाले भोगेका समस्याहरूलाई अनुसन्धानमूलक ढङ्गबाट खोजी गरी त्यसका समाधानका उपायको गर्ने तर्फ यो लेख केन्द्रित रहेको छ ।**

## मुख्य शब्दावली

**सहरी विद्यालय बाहिरको शिक्षा कार्यक्रम** (urban out of schools program), **सहरी बाल शिक्षा कार्यक्रम** (urban child education program), **सामाजिक संस्था जिल्ला समन्वय समिति** (social organization district coordination committee), **बालबालिकाको सहभागिता** (participation of childern), **अभिभावकमा जनचेतना** (awarness on guardian), **अध्ययनका लागि उपयुक्त स्थान** (proper place for study), **स्थानीय समुदायको सक्रियता** (activeness of local community) ।

## १. अध्ययनको पृष्ठभूमि

सहरी क्षेत्रमा रहेर पनि विभिन्न कारणले विद्यालयीय सेवाबाट बञ्चित बालबालिकालाई दिइने अनौपचारिक शिक्षा नै सहरी बाल शिक्षा कार्यक्रम हो । यो कार्यक्रम विशेषतः सहरमा रहेका तर विद्यालय जाने उमेर हुँदाहुँदै पनि विविध कारणवश विद्यालयको शिक्षाबाट बञ्चित रहेका बालबालिकामा केन्द्रित छ । सर्वप्रथम UNICEF र Asia-American Free Labor Institute ले सहरी विद्यालय बाहिरको शिक्षा (urban out of school program) को अवधारणाको ढाँचा तयार पारेको थियो (K.C and Gajurel, 2015) । नेपालमा विगत १५ वर्षदेखि यो कार्यक्रम सञ्चालित छ । यसले सहरमा रहेका बालबालिकाहरू विशेषतः विभिन्न उद्योग, कलकारखाना, होटल, व्यापारलगायतका क्षेत्रमा व्यापक बाल मजदूर, विपन्न, पीडित, दलित बाल श्रमिकका रूपमा काम गर्दै आइरहेका तथा विद्यालयीय सेवाबाट बञ्चित बालबालिकालाई आधारभूत साक्षरता र गणित सम्बन्धी ज्ञान प्रदान गर्दछ । यसका साथै उनीहरूलाई आत्म सम्मान र आत्म विश्वासको विकास गर्न सामाजिक रूपमा परामर्श दिँदै आएको छ (K.C & Gajurel, 2015) । सहरी विद्यालय बाहिरको शिक्षाअन्तर्गतको सहरी बाल शिक्षा कार्यक्रम पनि आफैँका महत्त्वपूर्ण कार्यक्रम हो । नेपालका सन्दर्भमा कानुन किताब व्यवस्थापन समिति

(२०४८) का अनुसार बालबालिका सम्बन्धी ऐन २०४८ को दफा २ (क) ले १६ वर्ष उमेर पुरा नगरेका व्यक्तिलाई बालबालिका भने तापनि यस कार्यक्रममा १० वर्षदेखि १४ वर्षसम्मका मात्रै बालबालिकाहरू समावेश हुन्छन् ।

नेपालमा सहरी बाल शिक्षा कार्यक्रम सर्वप्रथम २०५३ सालमा काभ्रे जिल्लाबाट परीक्षणका रूपमा सुरुवात भएको थियो । यो कार्यक्रम उक्त जिल्लामा सफल भएपश्चात् २०५४ सालदेखि पर्सा जिल्लाको वीरगन्ज उपमहानगरपालिकाअन्तगर्तका क्रमशः १, २, ३, १०, १४ र १७ गरी ६ ओटा वडामा जम्मा १५ ओटा बाल विकास केन्द्र सञ्चालन हुँदै आएका छन् । पर्सा जिल्लालगायत बाँके, दाङ, कास्की, तनहुँ, ललितपुर, भक्तपुर, चितवन, काभ्रेपलाञ्चोक, मकवानपुर, सिन्धुली, धनुषा, सप्तरी र मोरङ गरी कुल १४ ओटा जिल्लाका नगरपालिका क्षेत्रमा ३०१ ओटा केन्द्रमा सहरी बाल शिक्षा कार्यक्रम सञ्चालित छ । सहरी बाल शिक्षा कार्यक्रम अन्तर्राष्ट्रिय गैरसरकारी संस्था युनिसेफ र जिल्लाअनुसार त्यस जिल्लाको सामाजिक संस्था जिल्ला समन्वय समिति, नगरपालिका र गैरसरकारी संस्थामध्ये कुनै एकको सक्रियतामा सञ्चालित छन् (Tuladhar, 2004) । त्यसमध्ये पर्सा जिल्लाअन्तर्गतका १५ ओटा बाल विकास केन्द्रमा युनिसेफको सहयोग र सामाजिक संस्था जिल्ला समन्वय समितिको सक्रियतामा सञ्चालित छ । सहरी बाल शिक्षा कार्यक्रम दुई चरणमा सञ्चालित छ । पहिलो चरण कार्यक्रम १० महिनाको हुन्छ र सो कार्यक्रममा **नवजीवन** भाग १ नामक पाठ्य पुस्तक पढाइ हुन्छ । पहिलो चरण पार गरेका बाल बालिकालाई दोस्रो चरणको कार्यक्रम पनि १० महिनाको नै हुन्छ जसमा **नवजीवन** भाग २ नामक पुस्तक पढाइ हुन्छ । यस कार्यक्रमको मुख्य लक्ष्य सबै बालबालिकालाई शिक्षा दिएर सिपमूलक र आयआर्जन कार्यमा सहभागी गराउनु रहेको छ ।

नेपालमा सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालित औपचारिक शिक्षाको कार्यक्रमले मात्रै बहुसङ्ख्यक निरक्षर समुदायलाई शिक्षित गर्न प्रायः सम्भव भएन । त्यस कारण अनौपचारिक शिक्षाको पनि त्यसमा परिपूरकका रूपमा आयो । अनौपचारिक शिक्षा सरकारी र गैरसरकारी दुवै क्षेत्रबाट सञ्चालित छ (IFCD, 997। सहरी क्षेत्रमा रहेर पनि सामाजिक, आर्थिक अवस्था, जातीय भेदभाव तथा जनचेतनाको कमी आदि कारणले गर्दा बालबालिकाहरू शिक्षा प्राप्त गर्नबाट बञ्चित भइरहेका छन् । त्यसैले विभिन्न कारणवश औपचारिक शिक्षाबाट टाढा रहेका बालबालिकालाई शिक्षाका माध्यमबाट उनीहरूको जीवन स्तर उकास्नका लागि बाल शिक्षा कार्यक्रम सहयोगी बनेको छ । बाल शिक्षा कार्यक्रममा १० वर्षदेखि १४ वर्षसम्मका उमेर समूहका बालबालिकाले अध्ययन गर्ने क्रममा बाल केन्द्रहरूको सञ्चालनका क्रममा भोग्नु परेका चुनौतीहरू र बालबालिकाले भोगेका समस्याका बारेमा सम्बन्धित अभिभावकलगायत अन्य सरोकारवालालाई जानकारी गराउँदै त्यसका समाधानका उपायको खोजी गर्न यस अध्ययनले सहयोग पुऱ्याएको छ ।

## २. अध्ययन विधि

सहरी बाल शिक्षा कार्यक्रममा बालबालिकाको सहभागिता र कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरू खोजी गर्ने उद्देश्यका साथ गरिएको यस अध्ययन गुणात्मक र परिमाणात्मक दुवै गरी मिश्रित ढाँचा प्रयोग गरिएको छ । युनिसेफको सहयोग र सामाजिक संस्था जिल्ला समन्वय समितिद्वारा सञ्चालित सहरी बाल शिक्षाको अवस्थाअन्तर्गत पर्सा जिल्लाको वीरगन्ज उपमहानगरपालिकामा सञ्चालित १५ ओटै बाल केन्द्र हेर्न समय, स्रोत, साधन र आर्थिक स्रोतको कमी हुने हुँदा यो अध्ययनलाई पर्सा जिल्लाको वीरगन्ज उपमहानगरपालिकाभित्रका वडा नं. १० का २ ओटा बाल विकास केन्द्र, वडा नं. १४ को एउटा बाल विकास केन्द्र, वडा नं. २ को एउटा ओटा र वडा नं. ३ को एउटा ओटा गरी ५ ओटा बाल विकास केन्द्रमा मात्र सीमित गरिएको छ । ५ ओटा बाल विकास केन्द्रका ५ जना सहयोगी कार्यकर्ता, सामाजिक परिचालक, कार्यक्रम संयोजक, सहरी बाल शिक्षा कार्यक्रममा अध्ययनरत बालबालिकामध्ये २० जना बालबालिकाहरू र १० जना अभिभावकलाई नमुनाका रूपमा छनोट गरिएको छ । सामग्री सङ्कलनका क्रममा अन्तरवार्ता, प्रश्नावली, अवलोकन आदि साधनको

प्रयोग गरिएको छ । यस अध्ययनमा विद्यार्थी भर्ना, कक्षा सञ्चालन समय, शिक्षण विधि, शिक्षण सामग्रीको अवस्था, शैक्षिक सामग्रीको प्रयोग, अतिरिक्त क्रियाकलाप आदिलाई आधार मानी कार्यक्रम संयोजक, सामाजिक परिचालक, सहयोगी कार्यकर्ता र अभिभावकमा अध्ययन केन्द्रित गरिएको छ ।

## ३. नतिजाको विश्लेषण

सहरी बाल शिक्षा कार्यक्रमको बाल कक्षा सञ्चालन गर्ने क्रममा बालबालिकाहरू घरायसी काम गर्ने, अन्य ठाउँमा गएर काम गर्ने हुनाले बाल कक्षामा सहभागी बालबालिकाहरू र उनीहरूका अभिभावक, त्यस क्षेत्र वरपरका व्यक्तिको आपसी सहमतिबाट सबैलाई अनुकूल हुने समय निर्धारण गरी हप्तामा ६ दिन २ घण्टा १५ मिनेट कक्षा सञ्चालन गर्ने क्रममा ३ ओटा केन्द्रका कक्षाहरू दिउँसो र २ ओटा केन्द्रका कक्षाहरू साँझमा सञ्चालित छन् । सबै केन्द्रमा भुइँमा बस्नका लागि त्रिपाल प्रदान गरिएको छ । ५ ओटै केन्द्रमा दैनिक कार्य योजना बनाएर नै छलफल, समूह विभाजन र बाल केन्द्रित शिक्षण विधिबाट पढाइ हुन्छ । शिक्षण गर्दा प्रयोग गरिने प्रायः सबै शैक्षिक सामग्री युनिसेफले प्रदान गरेको छ । विशेषतः कालोपाटी, चक, डस्टर, अक्षरपत्ती, शब्दपत्ती, पजल जस्ता शैक्षिक सामग्री प्रयोगमा छन् । कक्षा सञ्चालनका क्रममा बालबालिकाले आफूले सिकाएका पाठ कति बुझे बुझेनन् भन्ने कुराको जानकारी लिन बालबालिकालाई कक्षा कार्य मात्र दिने र सिकाइलाई रोचक, रमाइलो र अर्थपूर्ण बनाउन नाच, गान, कविता प्रतियोगिता जस्ता अतिरिक्त क्रियाकलापको समेत प्रयोग भएको छ ।

युनिसेफद्वारा प्रदान गरिएको शैक्षिक सामग्रीको बाकसभित्र आवश्यक शैक्षिक सामग्री भए तापनि त्यो बालबालिकालाई पर्याप्त छैन । नवजीवन नेपाली, नवजीवन गणित, नवजीवन अङ्ग्रेजी नामक तिन थान पुस्तक तथा सिर्जनात्मक विषयका लागि कापी प्रत्येक बालबालिकासँग छ । नारी सिल्प कला केन्द्र नामक संस्थाका व्यक्ति कक्षा परिचालकद्वारा हप्ताको १ पटकका दरले महिनाको चार पटक औपचारिक तथा अनौपचारिक दुवै ढङ्गले कक्षा अनुगमन तथा निरीक्षण हुन्छ भने सामाजिक जिल्ला समन्वय समितिबाट महिनाको एक पटक र व्यवस्थापन समितिद्वारा आवश्यकताअनुसार अनुगमन तथा निरीक्षण हुन्छ ।

पाँच ओटा बाल केन्द्रमध्ये दुई ओटा केन्द्रमा सहयोगी कार्यकर्ताले लिखित परीक्षा लिइँदैन, विद्यार्थीले गरेको प्रगति अभिलेख राखेर त्यसैका आधारमा कक्षोन्नति गर्छन् । प्रथम चरण पार गर्नु पूर्व बालबालिकाको कमी, कमजोरी पत्ता लगाई पुनः व्यक्तिगत रूपमा पढाएर उनीहरूलाई कक्षोन्नति गर्छन् । तिन ओटा केन्द्रमा मात्र प्रगति अभिलेख राखिएको छ, जसमा वर्णानुक्रमानुसार प्रत्येक सहभागी बालबालिकाको नाम, उनीहरूको प्रत्येक विषयको सिकाइ उपलब्धि छुट्टा छुट्टै राखिएको छ र तिन ओटा केन्द्रमा प्रगति अभिलेख छैन । त्यस्तै तिन ओटा केन्द्रका सहयोगी कार्यकर्ताले १० महिनाको अन्त्यमा आफैँ प्रश्नपत्र तयार गरी कक्षोन्नति गर्ने र सबै बालबालिकाले सफल रूपमा कक्षोन्नति गर्छन् ।



### ३.३.१ बालबालिकाको सहभागिता

सहरी बाल शिक्षा कार्यक्रमलाई दुई चरणमा बाँडेर शिक्षा दिइन्छ । १० महिने पहिलो चरण पार गरेकालाई औपचारिक विद्यालयको कक्षा ३ वा ४ मा भर्ना गरिने वा दोस्रो १० महिने चरणमा कक्षोन्नति गर्ने गरिएको छ । पहिलो १० महिने चरणमा २५ जना विद्यार्थी भर्ना हुने र दोस्रो चरणमा २५ जना विद्यार्थीहरूमध्ये उनीहरूको उपलब्धि हेरी विद्यालयमा भर्ना गरिने र बाँकी रहेका विद्यार्थी दोस्रो चरणमा कक्षोन्नति हुने गरेका छन् । सहरी बाल शिक्षा कार्यक्रमअन्तर्गतका सञ्चालनमा रहेको १५ ओटा कक्षामा जम्मा बालबालिका सङ्ख्या ३३५ रहेको छ । कुल विद्यार्थी सङ्ख्यामध्ये १०० जना बालक तथा २३५ जना बालिका रहेका छन् (सामाजिक संस्था जिल्ला समन्वय समिति, २०७०) । सहरी बाल शिक्षा कार्यक्रमको बाल केन्द्रका पाँच ओटै बाल केन्द्रका बालबालिकाको उपस्थिति निम्नानुसार छ :

**तालिका १ : सहरी बाल शिक्षा कार्यक्रमका बालबालिकाको उपस्थिति**

| बाल केन्द्र | जम्मा बालबालिकाको सङ्ख्या | उपस्थिति | उपस्थिति प्रतिशत |
|---|---|---|---|
| छपकैया - २ | २५ | १८ | ७२ |
| छपकैया - ३ | २५ | २० | ८० |
| वीरगन्ज - १० | २० | १८ | ९० |
| वीरगन्ज - १० | २० | १९ | ९५ |
| वीरगन्ज - १४ | २० | १५ | ७५ |

**स्रोत : स्थलगत अध्ययन, २०७१**

नमुना छनोटमा परेका पाँच ओटा बाल केन्द्रका ११० जना बालबालिकामध्ये ९० बालबालिका उपस्थित छन् । उनीहरू आफन्तकहाँ अथवा घरमा विवाह, अन्य कार्यक्रम तथा स्थानीय चाडपर्व नजिकिँदा केही बालबालिका लामो समय अनुपस्थित हुने गरेका छन् । त्यस्तै अभिभावकले चाडपर्वका बेला र तरकारी फलफुल बेच्ने समयमा आफूसँगै बजार लिएर जाने भएकाले कक्षामा नियमित रूपमा उपस्थित हुन समस्या परेको छ । पाँच ओटा बाल केन्द्रमा नै नियमित रूपमा कक्षा सञ्चालन हुने भए तापनि छपकैयास्थित एउटा बाल केन्द्रमा प्रत्येक मङ्गलबार पढाउने घरमा भैँसीको पाडो काटेर मासु बिक्री वितरण गर्ने भएकाले सो दिन बाल केन्द्र पठनपाठनमा बन्द हुन्छ ।

## ३.१ सहरी बाल शिक्षा कार्यक्रमका चुनौतीहरू

कुनै पनि कामको थालनी गरेपछि विभिन्न आरोह र अवरोहको सामना गर्नुपर्दछ । कुनै पनि काम सफल रूपमा सञ्चालन गर्दा विभिन्न समस्याहरू तथा आउँछन् । युनिसेफ तथा सामाजिक संस्था जिल्ला समन्वय समितिको सक्रियता र सहयोगमा सञ्चालित सहरी बाल शिक्षा कार्यक्रमका पनि केही चुनौतीहरू छन् । ती चुनौतीहरू निम्नानुसार छन् :

### (क) अध्यापनका लागि उपयुक्त स्थानको अभाव

५ ओटा केन्द्रमध्ये दुई ओटा केन्द्र बाल विद्या मन्दिर निम्न माध्यमिक विद्यालयमा सञ्चालित छन् । त्यस्तै तिन ओटा बालकेन्द्र अव्यवस्थित रूपमा सञ्चालन भएका छन् । तिन ओटा बाल केन्द्रमध्ये पहिलो बाल केन्द्रमा विद्यार्थीको घरको पिँढीमा सञ्चालित छ, जहाँ लामखुट्टेको प्रकोप अति रहेको छ । बाल केन्द्रको छेउमै सुँगुरको खोर भएकाले त्यसको दुर्गन्धले पठनपाठनमा अवरोध पुऱ्याएको छ । त्यस्तै दोस्रो बाल केन्द्र दिउँसै अँध्यारो साँघुरो खरको बाख्रा राख्ने झुपडीमा सञ्चालित छ । तेस्रो बाल केन्द्र जीर्ण, ढोका, ग्रिल नभएको पुरानो धर्मशालामा सञ्चालन भइरहेको छ ।

### (ख) अभिभावकमा जनचेतना कमी

बाल केन्द्रहरूमा अध्ययनरत बालबालिकाका अभिभावकको जनचेतनाको कमीका कारणले बालबालिकालाई नियमित रूपमा पढ्न पठाउँदैनन् । अध्ययनमा सहभागी एक बालिकाका अनुसार "बुबाले तरकारी, फलफुल बेच्न हिँड अहिले लगनको सिजन छ भिडभाड हुन्छ मलाई सघाउनुपर्छ भन्नुहुन्छ ।" त्यसैले नियमित रूपमा उनीहरूलाई पढ्न आउन समस्या परेको छ । यस्तै दुई ओटा बाल केन्द्रका बालबालिकामध्ये पहिलो दस महिने चरणमा बालकहरू भर्ना भएका छन् तर दोस्रो दस महिने चरणमा बालकहरू न्यून छन् । यस ठाउँका प्रायः अभिभावक मासु काटेर बेच्ने पेसामा आवद्ध छन् । अध्ययनमा सहभागी एक जना अभिभावकका अनुसार "आखिरमा पढेर पनि मासु नै बेच्नु छ नपढे पनि मासु नै बेच्नु छ मैले नपढे पनि दैनिक चार हजार

रूपैयाँ नाफा कमाउँछु । यो पनि भोलि म जस्तै नामी बन्ने छ, त्यसैले मेरो छोराले मासु बेच्न र खसी बोका चिनेर किन्न जानेमा पढेका मान्छेभन्दा बढी कमाउँछ ।" त्यसैले आफ्ना बाल बालिकालाई बाल केन्द्रमा पठाउनुभन्दा कमाउनतिर लगाउनमा केन्द्रित छन् । त्यसरी नै अर्का एक जना सहभागी अभिभावकका अनुसार "मुस्लिम समुदायमा छोरीहरूलाई एक्लै छोड्दा समाजले कुरा काट्छन् । नवाज पढ्न जानेमा हाम्रो जन्म सार्थक हुन्छ आखिरीमा उसको विवाह गर्दा नवाज आउछ कि आउँदैन भनी सोध्छन्, त्यसैले किन औपचारिक विद्यालयमा भर्ना गर्ने ? त्यस्तै बाल कक्षा सुरक्षित नभएको, मच्छरको टोकाइ, दुर्गन्धित वातावरण भएकाले बाल कक्षा सञ्चालन गर्ने संस्थाले त्यसतर्फ ध्यान नदिएका कारणले बाल विकास केन्द्रप्रतिको विश्वास कम देखिन्छ ।

**(ग) संस्थाले दिने सेवा सुविधाको कमी**

युनिसेफ तथा सामाजिक संस्था जिल्ला समन्वय समितिको मुख्य उद्देश्य पिछडिएका, दलित, जनजाति, बाल श्रमिक, टहरामा रहेका बालबालिका र विभिन्न कारणवश औपचारिक शिक्षा पाउनबाट बञ्चित बालबालिकालाई व्यावहारिक शिक्षा दिई सिपमूलक व्यक्ति बनाउने रहेको छ । त्यस्तै नमुनामा परेका अभिभावकका अनुसार "संस्थाले एउटा कोठा, खानेपानीका लागि चापाकल, बालबालिकालाई दिसा पिसाव गर्न शौचालय आदिको समस्या छ । त्यस्तै औपचारिक विद्यालयहरूमा त हामी जस्ता साना जातका केटाकेटीले पैसा पाउँछन् रे, त्यसैले हाम्रा केटाकेटीलाई पनि संस्थाले पैसा दिनुपर्छ । त्यस्तै हाम्रा केटाकेटीलाई संस्थाले खाजाको व्यवस्था गर्नुपर्छ' भन्ने मानसिकता अभिभावकमा छ ।

**(घ) अन्य कामको चाप**

व्यक्तिलाई काम गर्नुका साथै साथै आराम तथा विश्रामको आवश्यकता पर्दछ । नमुनामा परेका बाल केन्द्रमध्ये दुई ओटा केन्द्रका बालबालिकाको काम गर्ने समय लगभग दैनिक एघार घण्टा रहेको छ । बिहानै आँखा मिच्दै बुवासँग गएर काम सघाउने तथा मध्याह्न दुई घण्टा खानाको र विश्रामका लागि समय हुन्छ । खाना खाएपछि दुई घण्टापछि साँझ झमक्क नहुन्जेलसम्म बुवालाई काम सघाउने गर्दछन् । त्यस्तै वीरगन्ज १४ का बालबालिकामध्ये केही बालबालिकाहरू अरूको घरमा गएर घरधन्दा गर्छन् । त्यस्तै खेतीपातीको सिजनमा अभिभावक मेलापात जाँदा बालिकाहरूले आफ्ना स-साना भाइ बहिनीहरूको हेरचाह गर्छन् ।

समग्रमा भन्नु पर्दा व्यवस्थापकीय समस्या, सहजकर्तामा तालिम, बजेट, कक्षा व्यवस्थापन पाठ्य पुस्तक, अनुगमन निरीक्षण र बालबालिकालाई (नवसाक्षरहरू) रोजगारमूलक शिक्षाको व्यवस्था नहुनु जस्ता चुनौतीहरू रहेका छन् ।

## ३.२ सहरी बाल शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरू

युनिसेफ तथा सामाजिक संस्था जिल्ला समन्वय समितिको सक्रियतामा सञ्चालित सहरी बाल शिक्षा कार्यक्रमलाई अझ प्रभावकारी बनाउन त्यस कार्यक्रमसँग सम्बन्धित तथा अन्य सरोकारबाला गैर सरकारी संस्थाहरूले हातेमालो गर्दै अगाडि बढ्न जरुरी छ । तसर्थ सहरी बाल शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन निम्नानुसारका उपायहरू अवलम्बन गर्नुपर्दछ :

**(क) अध्ययनका लागि निश्चित स्थान**

सहरी बाल शिक्षा कार्यक्रम सञ्चालनका लागि प्रायः केन्द्रहरूमा निश्चित स्थान छैन । बालबालिका, सहयोगी कार्यकर्ता तथा अभिभावको उचित भवन छैन । त्यसैले खेल मैदान, शौचालय, खानेपानी, खेल सामग्री, बालबालिका लागि पर्याप्त शैक्षिक सामग्री जस्ता पूर्वाधारहरूको पूर्ण व्यवस्था भएको भवन निश्चित स्थानमा हुनुपर्दछ ।

### (ख) छात्रवृत्तिको व्यवस्था

युनिसेफद्वारा सञ्चालित सहरी बाल शिक्षा कार्यक्रमले विद्‌यालय जानबाट बञ्चित रहेकाहरूलाई अधिकार दिलाउन पर्सा जिल्लाको नगरपालिकाको सहरी क्षेत्रमा सहरी बाल शिक्षाका बाल कक्षाहरू सञ्चालन गरी त्यस्ता सम्पूर्ण बालबालिकाको व्यवहारमा परिवर्तन ल्याउने जमर्को गर्दै कार्यक्रम अगाडि बढाइरहेको छ । औपचारिक विद्‌यालयमा हामी जस्ता दलित र साना जातिका छोराछोरीले पैसा पाए जस्तै हाम्रा बालबालिकालाई केन्द्रले पैसाको पनि व्यवस्था गरे हुन्थ्यो भन्ने अभिभावकहरूको मनसाय रहेको छ ।

### (ग) खाजाको व्यवस्था

सहरी बाल शिक्षा कार्यक्रममा नमुनामा रहेका बाल केन्द्र बालबालिकालाई खाजाको व्यवस्था छैन । तर अन्य औपचारिक विद्‌यालयमा दिवा खाजाको व्यवस्था भएकाले बाल शिक्षा कार्यक्रममा पनि बालबालिकाहरूले खाजाको अपेक्षा गरेका छन् । त्यसरी नै केन्द्रले सहरी बाल शिक्षा कक्षामा पढ्ने सम्पूर्ण बालबालिकालाई खाजाको व्यवस्था गरे राम्रो हुने थियो भन्ने धारणा अभिभावकको पाइन्छ ।

### (घ) स्थानीय समुदायको सक्रियता

कुनै पनि कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्दा कार्यक्रमसँग सम्बन्धित सरोकारवाला सम्पूर्ण पक्षको सहभागिता हुनुपर्छ । सहयोगी कार्यकर्ताहरूका अनुसार सहरी बाल शिक्षा कार्यक्रम सञ्चालन गर्ने क्रममा स्थानीय समुदायका व्यक्तिहरूले कार्यक्रमलाई त्यति महत्त्व दिएका छैनन् । सहरी बाल शिक्षा कार्यक्रमअन्तर्गत बाल केन्द्रमा गठित व्यवस्थापन समितिका पदाधिकारी बाहेक सहरी बाल शिक्षा कार्यक्रमका बाल केन्द्रमा पढ्ने बालबालिकाका अभिभावकहरू अर्थात् स्थानीय व्यक्तिहरूलाई पनि सहरी बाल शिक्षा कार्यक्रमका महत्त्वका बारेमा बुझाई उनीहरूलाई कार्यक्रमका नीति निर्माण, उद्‌देश्य, प्रभावकारिताका बारेमा जानकारी दिलाई माथिल्लो तहले कार्यक्रम सञ्चालन गर्न जरुरी छ । त्यसरी नै स्थानीय व्यक्तिहरूले आफ्नो श्रम मिहिनेत जुटाएर सकारात्मक भावनाका साथ सहरी बाल शिक्षा कार्यक्रम सफल रूपमा सञ्चालन गर्न आवश्यक छ ।

### (ङ) अभिभावकमा जनचेतना

सहरी बाल शिक्षा कार्यक्रमलाई सफल रूपमा अगाडि बढाउन पर्सा जिल्लाको वीरगन्ज उपमहानगरपालिकामा रहेका हरेक केन्द्रमा सञ्चालित क्षेत्रका अभिभावकलाई जनचेतना जगाई उनीहरूलाई केन्द्रले अभिमुखीकरण गराई, शिक्षाको महत्त्वका बारेमा प्रस्ट जानकारी दिनुपर्दछ । सहरी बाल शिक्षा कार्यक्रमको बाल कक्षामा पढ्ने सम्पूर्ण विद्‌यार्थीका अभिभावकलाई शिक्षाप्रतिको सकारात्मक भावनाको विकास गर्नमा सम्बन्धित सरोकारवाला तथा बाल केन्द्रका कार्यक्रम हेर्ने संलग्न अन्य संस्थाले टेवा पुऱ्याउनुपर्दछ ।

### (च) अतिरिक्त क्रियाकलापको व्यवस्था

बालबालिकाको मानसिक विकास तथा उनीहरूको भित्र रहेको प्रतिभा प्रस्फुटन गराउन अतिरिक्त क्रियाकलाप आवश्यक छ । सिर्जनात्मक विषयमा चित्रकला बनाउन लगाइएकाले बालबालिकाहरूले स्वतन्त्र रूपमा आफ्ना मन लागेका वस्तुहरूको चित्र बनाउँछन् । तसर्थ सहरी बाल शिक्षा कार्यक्रममा त्यसका अतिरिक्त अन्य क्रियाकलाप खेलकुद, नृत्य तथा साहित्यिक गतिविधिहरू हरेक सहयोगी कार्यकर्ताद्वारा गराई सम्पूर्ण पन्ध्र ओटै केन्द्रका इन्छुक बालबालिकालाई प्रतियोगितात्मक रूपमा भाग लिन लगाएमा कार्यक्रमको प्रभावकारिता अझ बढ्छ । त्यस्ता क्रियाकलाप गर्न हप्तामा एक दिन संस्थाले वा अन्य कुनै क्लबहरू तथा सङ्घ संस्थाले खेल मैदान उपलब्ध गराउन सक्छ । यसका अतिरिक्त अन्य सार्वजनिक स्थलको समेत प्रयोग गरी अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

समग्रमा शिक्षाको आवश्यकता बालबालिकाहरूमा महसुस गराई उनीहरूको आधारभूत आवश्यकतालाई ध्यान राखी बालबालिका, अभिभावक, स्थानीय समुदाय तथा सरोकारवाला पक्षहरूसँग छलफल परामर्श गरी कार्यक्रमलाई अगाडि बढाउनुपर्छ । शिक्षाका कारण जीवन स्तरमा वृद्धि हुने तथा विभिन्न सिपमूलक शिक्षा प्रदान गरी शिक्षामा अग्रसर गराएमा कार्यक्रम अर्थपूर्ण र प्रभावकारी हुन्छ ।

## ४. निष्कर्ष

सहरी क्षेत्रका विद्यालयीय सेवा तथा सुविधाबाट बञ्चित बालबालिकाको चेतना स्तरमा वृद्धि, व्यवहारमा परिवर्तन, अधिकार दायित्व र जिम्मेवारको बोध, आत्म विश्वास बढाउन तथा जीवन स्तरमा सकारात्मक परिवर्तन ल्याई सामान्य जीवन यापन गराउनका लागि युनिसेफका कार्यक्रमले सम्भावनाका ढोकाहरू खोलेको छ । त्यसैले अनौपचारिक शिक्षाको प्रभावकारी र उचित कार्यक्रमलाई परिणाममुखी बनाउन कार्यक्रम सञ्चालनका क्रममा देखिएका कमी कमजोरीलाई हटाउँदै बालबालिकाको भर्नाको स्थिति, शैक्षिक अवस्था, कक्षा सञ्चालन समय, कक्षोन्नति, बालबालिकाको नियमितता, अनुगमन निरीक्षण आदि प्रक्रियामा ध्यान दिन आवश्यक छ । सहरी बाल शिक्षा सञ्चालनका लागि आवश्यक निश्चित स्थान, खेलकुदका लागि मैदान, शौचालय, खानेपानी, खेल सामग्री, बालबालिकाका लागि पर्याप्त शैक्षिक सामग्री जस्ता पूर्वाधारहरूको पूर्ण व्यवस्था गरिनुपर्दछ । बालबालिकालाई नियमित उपस्थितिका लागि अभिप्रेरित गर्न खाजा, भत्ता, छात्रवृत्ति उपलब्ध गराइनुपर्छ । सहयोगी कार्यकर्ता तथा निरीक्षण र अनुगमन गर्नेहरूलाई प्राज्ञिक, नैतिक तथा पेसाप्रति प्रतिबद्ध गराउन उचित पारिश्रमिक प्रदान गर्नुपर्ने र कामका आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरि नुपर्दछ ।

सरकारले विविध कारणवश औपचारिक विद्यालयीय सेवा क्षेत्रबाट बञ्चित बालबालिकाका लागि शिक्षा, स्वास्थ्य, खाद्यान्न जस्ता आधारभूत आवासको पनि व्यवस्था गरिदिनुपर्ने देखिन्छ । त्यसैगरी बालबालिकाको अधिकार उल्लङ्घन भएको नभएको हेर्न अनुगमन तथा निरीक्षण प्रक्रिया नियमित गरिरहन सम्बन्धित संस्थाले चासो दिनुपर्दछ । अनौपचारिक शिक्षाको माध्यमबाट बालबालिकालाई साक्षर गराएर पुनः सिपमूलक तथा आय आर्जन गर्न सक्ने तालिम सम्बन्धित संस्थाले दिएमा उनीहरूको रोजगारीको व्यवस्था हुने थियो । त्यस्तै कोही कोही बालबालिका १४ वर्षभन्दा माथिका पनि हुन सक्छन्, उनीहरूलाई पनि भर्ना गर्नुपर्ने नीति लिइनुपर्छ । देशका विभिन्न सहरी क्षेत्रमा सञ्चालनमा रहेका सहरी बाल शिक्षा कार्यक्रमको बाल केन्द्रहरूको शैक्षिक अवस्था, स्तरोन्नति, भौतिक अवस्था आदिलाई निरन्तरता दिनुपर्छ । प्रत्येक केन्द्रमा पुग्ने गरी शैक्षिक सामग्री, निश्चित स्थानको व्यवस्था, सहयोगी कार्यकर्तालाई उचित पारिश्रमिक, बालबालिकालाई छात्रवृत्ति, खाजाको व्यवस्था गरिने नीति सम्बन्धित सरोकारवाला संस्थाहरूले लिनुपर्दछ ।

## सन्दर्भ सामग्री



कानुन किताब व्यवस्थापन समिति (२०४८), **बालबालिका ऐन, २०४८,** काठमाडौं ।

सामाजिक संस्था जिल्ला समन्वय समिति (२०७०), **वार्षिक प्रतिवेदन, २०७०,** वीरगन्ज ।

KC, B. & Gajurel, S, (2014) Review of curriculum s used in GATE and UOSP children programs, Kathmandu: Unpublish document.

Tuladhar, S.K. (2004) Strategies of education and training for disadvantage group, Out of school childrens program in Nepal: An Analises, Paris: International Institutes fot Educational Planning.

IFCD, (1997). Tracer study of out-of-school children's Program, Kathmandu: Author.